नेपाल सरकार

## शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

## छात्रबृत्ति शाखा, केशरमहल

PTAP कार्यक्रम अन्तरगतको MBBS विषयको छात्रवृत्तिमा पूर्वमनोनयन भएको सम्बन्धी जरुरी सूचना ।

*सूचना प्रकाशित मितिः २०७७/०६/३०*

परराष्ट्र मन्त्रालयको च प सं २०७७/७८/SA-II, १९३७ मिति २०७७/०६/०२ उल्लेखित शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च नं ४३ मिति २०७७/०६ /०६ को पत्रानुसार. नेपाल सरकारलाई शैक्षिक सत्र २०२०/२०२१ मा पाकिस्तान सरकारबाट PTAP अन्तर्गत प्राप्त MBBS को छात्रवृत्तिमा छात्रवृत्ति सम्बन्धी नियमावली २०६० (सशोधन सहित ) बमोजिम साधारण तथा आरक्षण तर्फ सिट कायम गरी उक्त सिटहरूमा नियमानुसार मनोनयनका लागि सम्बन्धित संस्थाले तोकेको योग्यता पूरा गरेका र IOM बाट प्राप्त सूचीका आधारमा मन्त्रालयले २०७६ मा प्रकाशन गरेको समूहगत योग्यताक्रम सूचि (Merit List) मा रहेका उम्मेदवारहरूबाट शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०६/१२ को निर्णयअनुसार मिति २०७७।६।१३ देखि २०७७।६।१९ सम्मको समयावधि दिई दरखास्त आव्हान गरिएकोमा तोकिएको म्याद भित्र रीतपूर्वक आवश्यक कागजात सहित आवेदन दिएका उम्मेदवारहरूका पूर्वमनोनयन सूची (Pre-nomination List) मिति २०७७/०६/२८ गतेको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णयअनुसार सोही मितिमा प्रकाशित भएको विदितै छ । पूर्वमनोनयनउपर कुनै दाविविरोध नपरेको तथा पूर्वमनोनयनमा परेका सबै उम्मेदवारले अध्ययन गर्न जाने मञ्जुरी निवेदन पठाएकाले PTAP छात्रवृत्तिको आवेदन माग गर्दा राखिएका शर्तहरू पूरा गरी सम्बन्धित उम्मेदवारले सम्बन्धित निकायमा आवश्यक कागजात पेश गरेमा तथा पाकिस्तान सरकारबाट छात्रवृत्तिका लागि Confirmation प्राप्त भएमा मात्र अध्ययन गर्न जान पाउने गरी देहायका उम्मेदवारहरूलाई (क) मन्त्रालयको मिति २०७७/०६/३० को निर्णयअनुसार मनोनयन गरिएको सूचना सम्बन्धित सबैका जानकारीकालागि प्रकाशित गरिएको छ । मनोनयन हुनु भएका उम्मेदवारले यसै सूचनासाथ संलग्न कबुलियतनामा (ख) भरी स्क्यान गरेर २०७७ साल असोज ४ गतेभित्र यस शाखाको इमेल applyscholarship@moest.gov.np मार्फत पठाउनु पर्ने छ । मनोनयनमा परेका उम्मेदवारले आवेदन दिंदा स्वीकारेका सर्तबमोजिम SAT परीक्षा दिई सोको नतिजासमेत पेश गर्नुपर्ने भएकोले सबैभन्दा शीघ्र हुने परीक्षाको मिति लिई परीक्षा दिन तथा आफ्ना शैक्षिक योग्याका प्रमाणपत्रहरू (SLC/SEE को मार्कसिट र मूल प्रमाणपत्र +२ को ट्रान्सक्रिप्ट र प्रोभिजनलको सम्बन्धित संस्थाबाट प्रमाणीकरण गराइ राख्न तथा अन्य उल्लेख भएका कागजात संलग्न गर्ने तयारी गर्नसमेत सूचित गरिन्छ ।

क) मनोनित सूची

Ministry of Education, Science and Technology

Scholarship Section, Kesharmahal

**Nomination on PTAP Scholarship 2020 Based on MoEST merit list published in November 2019 ( 2076, MBBS)**

**Reservation Group:** General (i.e. Total)

| SN | MoEST Reg. No. | RN | Candidate's Name | Gender | Entrance Score | Entrance Rank | MoEST Rank | Group |
|---|---|---|---|---|---|---|---|---|
| 1 | **6482** | 56 | AAYUSH ADHIKARI | Male | 85 | 109 | 108 | General-1 |
| 2 | **5003** | 22 | SANTOSH SAH | Male | 85 | 110 | 109 | General-2 |
| 3 | **5854** | 42 | TENZING TAMANG | Male | 85 | 113 | 112 | General-3 |
| 4 | **5934** | 15 | SANDIP Kumar Raut | Male | 85 | 115 | 114 | General-4 |
| 5 | **5320** | 19 | ASHAN SHRESTHA | Male | 85 | 116 | 115 | General-5 |
| 6 | **5731** | 25 | PRAKASH PATEL | Male | 85 | 117 | 116 | General-6 |
| 7 | **7325** | 14 | SIKENDRA MANDAL | Male | 80 | 361 | 28 | Madheshi-1 |
| 8 | **7241** | 4 | SHILA BHANDARI | Female | 66 | 1533 | 55 | Female-1 |
| 9 | **6672** | 28 | BIJAYA GHALAN | Male | 64 | 1844 | 34 | Janajati-1 |
| 10 | **7851** | 45 | BINOD BISHWAKARMA | Male | 68 | 1283 | 13 | Dalit-1 |

ख) कबुलियतनामा

*छात्रवृत्ति सम्बन्धी नियमावलीको नियम २१ को उपनियम (१) सँग सम्बन्धित)*

**कबुलियतनामा**

श्री......................................को नाति/नातिनी श्री ...................................... .को छोरा/छोरी जिल्ला........................गाउँपालिका/न.पा./.म.न.पा...................................... वडा नं...................मा स्थायी बसोबास भएको मिति.................................मा जन्मेको म .......................................................... नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्नातक तहको.....................................विषयमा अध्ययन/तालिमका लागि पाकिस्तान सरकारबाट प्राप्त छात्रवृत्तिमा मनोनयन भएकोले उक्त देशबाट Confirmation प्राप्त भई मन्त्रालयबाट अन्तिम मनोनयन भएमा तोकिएबमोजिम अध्ययन गर्न जाने छु, । सो अध्ययन पूरा हुनासाथ छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ तथा छात्रवृत्ति सम्बन्धी नियमावली बमोजिम गर्नुपर्ने सम्पूर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा, विदेशमा छात्रवृत्ति पाई अध्ययन/तालिममा जाँदा नेपाल सरकार वा विदेशी सरकार वा कुनै संस्थाबाट प्रदान गरिएको रकम र अध्ययन/ तालिममा जाँदाआउँदा लागेको यातायात खर्च लगायत मैले प्राप्त गरेको अन्य सुविधा वापतको रकमसमेत बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी छ । साथै सम्बन्धित निकायबाट Confirmation प्राप्त नभएमा यो मनोनयनको आधारमा मात्र अन्यत्र मनोनयन गर्न मन्त्रालयलाई बाध्य पार्ने छैन भनी मेरो खुसी राजिले यो कबुलियतनामा लेखी नेपाल सरकार,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखामा बुझाएँ ।

**छात्रवृत्तिमा मनोनयन भएको उम्मेदवारको**

| दायाँ | बायाँ |
|---|---|
| | |

छात्रवृत्ति पाउनेको,-

सही :-

नाम :-

सर्म्पक ठेगाना :-

टेलिफोन नम्बरः

मिति :-

ना.प्र.प.नं. :-

नागरिकता जारी जिल्ला :-

नोटः

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नुपर्नेछ